नेपाल सरकार
# खानेपानी मन्त्रालय

पत्र संख्या :-
चलानी नं. :-

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८०।८।२०

## प्रेस विज्ञप्ति

मिति २०८०।८।२० गते वुधवारका दिन माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवज्यूको अध्यक्षतामा काठमाडौं उपत्यकाभित्रका तीनै जिल्लाबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने माननीय सांसदज्यूहरू, काठमाडौं उपत्यकाभित्रका सबै स्थानीय तहका प्रमूखज्यूहरू एवम् प्रतिनिधिज्यूहरू, हेलम्वु गाउँपालिकाका अध्यक्षज्यू, उपभोक्ता समितिका प्रतिनिधिज्यूहरू तथा सम्बन्धित सरोकारवालाहरू समेतको समुउपस्थितिमा काठमाडौं उपत्यका भित्रका खानेपानी तथा सरसफाइ क्षेत्रको सम्पत्तिको दिगो व्यवस्थापन र संचालन तथा प्रभावकारी नियमनको व्यवस्था गर्ने, काठमाडौं उपत्यका खानेपानी लिमिटेडको वित्तिय र प्राविधिक क्षमतामा सुधार गरी खानेपानी सेवा वितरणमा गुणस्तर वृद्धि गर्न काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचना तथा मेलम्ची खानेपानी आयोजनाको दिगो समाधानको लागि Short, Medium and Long term Solution सम्बन्धी Project Scope निर्धारण तथा इन्टेक स्थान्तरण सम्बन्धमा पृष्ठपोषण संकलन गर्ने उद्देश्यका लागि छलफल कार्यक्रम सम्पन्न भयो ।

उक्त बैठकमा मूख्यतः सुख्खायाम शुरू भईसकेको अवस्थाले गर्दा काठमाडौं उपत्याकाभित्र खानेपानीको समस्या दिनप्रतिदिन बढ्दै गएको सन्दर्भमा तत्काल मेलम्चीको पानी पथान्तरण गर्ने प्रकृया अगाडि बढाउनुपर्ने भन्ने सुझाव प्राप्त हुन आएको छ । यस्तै स्थानीय तहहरूमा अवस्थित पानीका श्रोतहरूको पहिचान, प्रयोग, संरक्षण तथा पूनर्भरण सम्बन्धमा पनि राम्रा सुझावहरू आएका छन् । काठमाडौं उपत्यकाभित्र खानेपानी व्यवस्थापनमा संलग्न निकायहरूको पूनर्संरचना सम्बन्धमा अझ व्यापक छलफल गरी निर्णय गर्नुपर्ने धारणा उपस्थित माननीयज्यूहरू तथा नगरप्रमूखज्यूहरूबाट आएको हुँदा आगामी दिनमा प्राप्त पृष्ठपोषण तथा सुझाव अनुसार खानेपानी मन्त्रालयले योजना तयार गरी आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाएको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

८/२०
..........................
(प्रवक्ता)